आर्थिक मामिला तथा योजना मन्त्री माननीय इन्द्र बहादुर
आङ्बोले प्रदेश नं. १ को प्रदेशसभा समक्ष प्रस्तुत गर्नुभएको

# प्रदेश विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १ विराटनगर, मोरङ
१६ जेष्ठ, २०७९

मानननीय सभामुख महोदय,

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं १ को गरिमामय यस प्रदेश सभामा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७९/८० को प्रदेश विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता पेश गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु।

२. मुलुक महाभूकम्प लगायतका विभिन्न प्राकृतिक विपत्ति, वैश्विक महामारी तथा आर्थिक उतार-चढावसँग जुध्दै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संस्थागत स्थायित्व कायम गर्नुका साथै विकास र समुन्नतिको दिशामा अग्रसर भइरहेको छ। प्रदेशमा रहेका सबै किसिमका पछौटेपन तथा आर्थिक-सामाजिक विभेदको अन्त्य र गरिबीलाई न्यूनीकरण गर्दै समुन्नत प्रदेशको यात्रा तय गर्नुपर्ने जिम्मेवारी हामीमा छ।

३. समग्र आर्थिक अवस्थामा देखिएका समस्याहरूको समाधान गर्दै विकास र समृद्धिको यात्रामा अघि बढ्ने कार्य निश्चय पनि चुनौतिपूर्ण रहेको छ। अर्थतन्त्रको सबै क्षेत्रमा पूँजी परिचालन र लगानीको उत्पादकत्व उल्लेख्यरुपमा बढाउनु परेको छ। सूचना प्रविधिको उपयोग लगायत आधुनिक विकासका अवयवहरूको कुशल समिश्रण गराई मुलुकलाई तीव्र विकासको पथमा अगाडि बढाउनु परेको छ। चुलिँदो ब्यापार घाटा कम गर्न र वर्तमान समयमा देखिएको तरलताको समस्यालाई निराकरण गर्दै प्रदेशमा रहेको गरिबी, वेरोजगारी तथा सामाजिक पछौटेपन एवम् असमानता घटाउने दिशामा लाग्नुपरेको छ।

४. कोभिड-१९ को असर न्यून हुँदै जनजीवन सामान्य बन्दै गएकोले अर्थतन्त्र लयमा फर्किएको छ। केन्द्रीय तथ्याङ्क विभागले हालै गरेको प्रक्षेपण अनुसार चालु आर्थिक वर्षमा यस प्रदेशको आर्थिक वृद्धिदर ५.४१ प्रतिशत हासिल हुने अनुमान रहेको छ।

५. यस परिवेशमा प्रदेश विनियोजन विधेयक, २०७९ को सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू तथा राज्यले लिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने अठोटलाई मार्गदर्शनका रूपमा लिएको छु। त्यसैगरी प्रदेशको द्रुत विकास प्रति नागरिकको आकांक्षा, प्रदेशको पहिलो पञ्चवर्षीय आवधिक योजना, दिगो विकास लक्ष्य प्राप्तिमा प्रदेशका तर्फबाट गर्नुपर्ने योगदान, नेपाल सरकारको नीति तथा

कार्यक्रम, वर्तमान सरकार गठन हुँदा तय गरिएको न्यूनतम साझा कार्यक्रम, स्थानीय तहका प्राथमिकताहरू र प्रदेशहरूबीचको अन्तरसम्बन्धलाई समेत बजेट तर्जुमाको प्रमुख आधारको रूपमा लिएको छु।

६. प्रदेश विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता तय गर्दा मैले निरपेक्ष गरिबीको मारमा परेका गरिब, महिला, दलित तथा सीमान्तकृत समूह सहित प्रदेशका सबै नागरिकको विकास र समृद्धिको आकांक्षालाई सम्बोधन गर्ने गरी बजेटका सिद्धान्त र प्राथमिकता तय गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म प्रदेश विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

प्रदेश विनियोजन विधेयक, २०७९ का सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्ः-

**संघीय शासन प्रणालीको सुदृढीकरण**

७. प्रदेश सरकारको आधारभूत संरचना विकास एवम् संस्थागत सुदृढीकरण गर्दै नेपालको संविधानद्वारा निर्देशित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्दै लगिनेछ। संघ र स्थानीय तहसँगको समन्वय एवम् सहकार्यलाई थप प्रभावकारी बनाइने छ।

**योजनाबद्ध विकासका माध्यमद्वारा आर्थिक रुपान्तरण**

८. नेपालको संविधानका निर्देशक सिद्धान्त, पन्ध्रौं योजना, प्रदेश सरकारको प्रथम आवधिक योजनाले तय गरेको **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"**को सोच, लक्ष्य र उद्देश्यहरू तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्न जोड दिँदै अर्थतन्त्रको पुनरुत्थान गरिनेछ।

९. आगामी आर्थिक वर्षको बजेट प्रदेशका नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न तथा समाजवाद उन्मुख अर्थतन्त्रको आधार तयार पार्ने दिशातर्फ केन्द्रित हुनेछ। रुपान्तरणकारी भौतिक पूर्वाधार निर्माण गर्ने, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने तथा समतामूलक समाजको स्थापनाका लागि सामाजिक क्षेत्रमा लगानी वृद्धि गरिनेछ।

१०. कोभिड-१९ को कारण अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै प्रदेशका आर्थिक क्षेत्रमा थप लगानी वृद्धि गरी उत्थानशील अर्थतन्त्रको निर्माणमा जोड दिइनेछ।

### प्रभावकारी अन्तरतह समन्वय र सहकार्य

११. संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यलाई अझ घनीभूत तुल्याउँदै प्रदेश सरकारको भूमिकालाई नागरिकको तहमा अनुभूत हुने गरी विकासका गतिविधिलाई नतिजामूलक बनाउन सम्पूर्ण शक्ति केन्द्रित गरिनेछ।

१२. माग र आवश्यकताका आधारमा प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्न वस्तुनिष्ठ एवं वैज्ञानिक आधार सहितको समन्यायिक एवं प्रभावकारी प्रणालीको विकास गरिनेछ।

### आर्थिक विकास एवम् लगानीमैत्री वातावरण

१३. औद्योगिक विकासमा अग्रणी रहेको यस प्रदेशलाई आर्थिक विकासका नवीनतम सम्भावना र अवसरका क्षेत्रहरूको पहिचान र प्रवर्द्धन गर्दै प्रदेशको समग्र आर्थिक विकास र समृद्धि हासिल गर्न जोड दिइनेछ।

१४. आर्थिक विकासको पूर्वाधारका लागि क्षेत्रगत रूपमा प्रादेशिकस्तरका आयोजना छनौट गरी तिनको प्रभावकारी कार्यान्वयन मार्फत प्रदेशलाई मुलुककै समुन्नत प्रदेशको रुपमा विकास गर्न जोड दिइनेछ।

१५. हाल कार्यान्वयनमा रहेका वहुवर्षीय आयोजनाहरूको निर्माण तीव्रगतिमा सम्पन्न गरी प्रदेशको अर्थतन्त्रमा गुणात्मक परिवर्तन ल्याइनेछ।

१६. प्रदेशमा लगानीमैत्री वातावरणका लागि प्रदेश सरकारको भूमिका उत्प्रेरक, सहजकारी र नियमनकारी बनाउदै अर्थतन्त्रमा निजी क्षेत्रलाई विकासको संवाहकको रुपमा प्रवर्द्धन गर्दै लगिनेछ।

### समन्यायिक एवम सन्तुलित विकास

१७. प्रदेशको विविध भौगोलिक अवस्थिति र धार्मिक एवम् सांस्कृतिक विविधतालाई सम्बोधन गर्दै विकासमा भौगोलिक सन्तुलन कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१८. विकासको मूलप्रवाहमा समाहित हुन नसकेका तथा सीमान्तकृत वर्ग, क्षेत्र र समुदायको समावेशी, समन्यायिक र सन्तुलित विकासमा जोड दिइनेछ।

### बजेट प्रणालीको सुधार र आर्थिक अनुशासन

१९. आर्थिक तथा प्राविधिक हिसाबले सम्भाव्य देखिएका उच्च प्रतिफलयुक्त र पूर्वतयारी पूरा भएका आयोजनाहरूमा मात्र बजेट प्रस्ताव गरिनेछ। प्राथमिकता प्राप्त क्षेत्रमा साधन स्रोतको अभाव हुन दिइने छैन। विनियोजन कुशलता र संस्थागत क्षमता अभिवृद्धि मार्फत विनियोजित बजेटको परिणाममुखी कार्यान्वयन सुनिश्चित गरिने छ। अनुत्पादक क्षेत्रमा सरकारी खर्च कटौती गरी मितव्ययिता कायम गर्नुका साथै वित्तीय अनुशासनमा जोड दिइनेछ।

२०. आयोजनाको प्राथमिकीकरणको आधार तथा मापदण्ड पुनरावलोकन गरी प्रादेशिक आयोजना बैंकलाई सुदृढ गर्दै लगिनेछ। संघ र स्थानीय तहसँग आवश्यक समन्वय गरी आयोजना छनौट तथा कार्यान्वयनमा दोहोरोपना नहुने व्यवस्था मिलाइनेछ।

२१. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन प्रणालीका बीचमा अन्तर-आवद्धता कायम गरी बजेट प्रणालीलाई स्वचालित बनाइनेछ। क्रियाकलापमा आधारित बजेट विनियोजन तथा कार्यान्वयन प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ।

### प्रभावकारी स्रोत परिचालन

२२. प्रदेशको आन्तरिक आयलाई सुदृढ बनाउन प्रदेश सरकारको राजस्व अधिकार क्षेत्रभित्र पर्ने अन्य स्रोतहरूको खोजी गरी दायरा विस्तार गरिनेछ। राजस्व परिचालनलाई थप सुदृढ बनाउन सूचना प्रविधिमा आधारित राजस्व प्रशासन सञ्चालन गरिनेछ। संघीय इकाई तथा स्थानीय तहबाट संकलन हुने राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन आधुनिक प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय एवं सूचनाको आदान प्रदान गरिनेछ। प्रदेशले आफैले संकलन गर्ने तथा बाँडफाँटबाट प्राप्त हुने राजस्व समयमै प्रभावकारीरूपले प्राप्त गर्दै सम्भावित राजस्व चुहावट नियन्त्रण गरिनेछ।

२३. विकास सहायताको अधिकतम उपयोग गर्न प्रदेश सरकारले हालै जारी गरेको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८ बमोजिम आयोजनाको प्राथमिकीकरण गरी विकास साझेदारसँगको घनीभूत छलफल मार्फत प्रदेशको समग्र हितमा अन्तराष्ट्रिय विकास सहायता परिचालन गरिनेछ।

### शासकीय सुधार र सुशासन अभिवृद्धि

२४. सार्वजनिक सेवा प्रवाहलाई सरल, जनमुखी र सेवाग्राहीमैत्री बनाइनेछ। प्रदेश र स्थानीय तहमा कार्यरत राष्ट्रसेवकको क्षमता विकासका साथै वृत्तिविकासको सुनिश्चितता मार्फत

मनोबल एवम् उत्प्रेरणा अभिवृद्धि गरिनेछ। माग र आवश्यकताका आधारमा स्थानीय तहका जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिमा सहयोग गरिनेछ। सेवाप्रवाहमा सूचना प्रविधि लगायतका आधुनिक प्रविधिको प्रयोग अभिवृद्धि गरिनेछ। कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो बनाई सुशासन प्रवर्द्धनको माध्यमबाट प्रदेश सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्न बजेट लक्षित हुनेछ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेश विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमको प्राथमिकताहरू प्रस्तुत गर्न अनुमति चाहन्छु।

सरकारी, निजी तथा सहकारी क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै आत्मनिर्भर प्रदेश निर्माण गर्ने दिशामा विनियोजन विधेयकका प्राथमिकता तय गरेको छु।

**कृषि क्षेत्रको विकास**

२५. कृषि क्षेत्रको बढ्दो व्यापारघाटालाई लक्षित गरी कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन वृद्धि गर्न उन्नत बिउ, बेर्ना र उन्नत पशुनश्लको सहज उपलब्धता सुनिश्चित गरिनेछ। कृषि उत्पादनलाई सहकारी र निजी क्षेत्रको सहकार्यमा प्रशोधन र उद्योगहरूसँग जोड्न नमूना कार्यक्रमहरू शुरुवात गरिनेछ।

२६. रासायनिक मल माथिको परनिर्भरता कम गर्न प्राङ्गारिक मलको उत्पादन र प्रयोग बढाउँदै दीर्घकालीन रुपमा माटो सुधार र प्राङ्गारिक खेती प्रवर्द्धन गरिनेछ। सुरक्षित कृषि उत्पादनका लागि विषादी न्यूनीकरण कार्यक्रम सघन रुपमा संचालन गरिनेछ।

२७. युवाहरूलाई ग्रामीण रोजगारी र आयस्तर सुधारका अवसरहरू सिर्जना गरी स्वदेशमा नै कृषि उद्यमसँग जोड्ने र स्वरोजगार बनाइने कार्यक्रम समावेश गरिनेछ। पशु तथा बाली बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। विभिन्न वर्ग समुदाय लक्षित गरी पशुपंक्षी, मत्स्यपालन, मह, च्याउ र तरकारी लगायतका वाली उत्पादन प्रवर्द्धन कार्यक्रमहरूलाई प्राथमिकता साथ संचालन गरिनेछ।

२८. नवीनतम कृषि प्रविधि प्रसारका लागि सरकारी फार्म, प्रयोगशाला, तालिम केन्द्रको सुदृढीकरण गर्दै प्रदेश र स्थानीय तहका प्राविधिक र किसानको क्षमता अभिबृद्धि गरिनेछ। प्रदेशमा उपलब्ध कृषि अनुसन्धान केन्द्र, अध्ययन संस्थान र प्राविधिक शिक्षालयको सहकार्यमा कृषि प्रसार सेवाको विस्तार र सुदृढिकरण गरिनेछ।

२९. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, आधारभूत खाद्य वस्तु र तुलनात्मक लाभ भएका वाली र पशुपंक्षीको उत्पादन, प्रशोधन र बजारीकरणमा सहकारी, निजी तथा अन्तर सरकार समन्वय, सहयोग र सहकार्य गरिनेछ। किसानलाई समूह सहकारीमा संगठित गर्दै जमिनको सामुहिक प्रयोग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

## औद्योगिक क्षेत्रको विकास र प्रवर्द्धन

३०. उद्यमशीलता विकासका माध्यमद्धारा प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउन स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमुलक उद्योग स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकको रुपमा अगाडि बढाउन निजी क्षेत्र मैत्री नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ। उद्योग सञ्चालनका लागि पूँजी, प्रविधि तथा सूचनामा पहुँच अभिवृद्धि गर्दै लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गरिनेछ। सार्वजनिक निजी साझेदारीमा औद्योगिक ग्राम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

## भौतिक पूर्वाधार विकास

३१. प्रदेश राजधानीको मुख्य प्रशासनिक संरचनाको निर्माण कार्य प्रारम्भ गरिनेछ। साथै मातहतका निकायको संरचना निर्माण कार्यलाई तीव्रता दिइनेछ। विगत देखि सञ्चालित बहुवर्षीय आयोजना निर्धारित समय भित्रै सम्पन्न गरी सुरक्षित र व्यवस्थित आवागमनका लागि सडक पूर्वाधारको गुणात्मक सुधार गरिनेछ। संघ र विकास साझेदारसँगको साझेदारीमा स्थानीय तहको केन्द्र जोड्ने सडक स्तरोन्नती र कालोपत्रे गरिनेछ। विद्यमान सडक पूर्वाधारको नियमित मर्मत सम्भार गरी प्रदेश भित्रका मुख्य सडकहरूलाई सबै मौसममा सञ्चालन गर्न सक्ने बनाइनेछ।

३२. प्रदेशका सबै नागरिकलाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउने लक्ष्य अनुरुप विभिन्न प्रविधिको उपयोगबाट खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ। साथै पूर्ण सरसफाईको कार्यक्रमलाई अगाडि बढाइनेछ।

३३. सिंचाईको सबै सम्भाव्य क्षेत्रमा सिंचाई सुविधा उपलब्ध हुनेगरी सिंचाई प्रणालीको विकास गर्न संघ, स्थानीय तह तथा विकास साझेदारहरू समेतको सहभागितामा

आवश्यकता र सम्भाव्यताका आधारमा मझौला, साना एवम् प्रविधिमा आधारित सिंचाई आयोजनाहरू सञ्चालन गरिनेछ। आगामी दुई वर्षमा प्रदेशका सबै ठाउँमा विद्युत पहुँच पुऱ्याउन समन्वय एवम् सहजीकरण गरिनेछ।

## स्वास्थ्य सेवा तथा सामाजिक विकास

३४. **"स्वस्थ नागरिक सक्षम प्रदेश"** निर्माणका लागि आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्दै प्रदेश मातहतका अस्पतालहरूको स्तरोन्नति, विकास र विस्तार गरिनेछ। सूचना प्रविधिको उपयोग मार्फत दूरदराजमा समेत गुणस्तरीय चिकित्सा सेवा उपलब्ध गराइनेछ। स्वास्थ्यकर्मीलाई आवश्यक प्रोत्साहन उपलब्ध गराउँदै सबै स्वास्थ्य सेवामा गुणस्तरीय जनशक्तिको उपलव्धता सुनिश्चित गरिनेछ। स्थानीय तहसँग सहकार्य गरी गुणस्तरीय स्वास्थ्य बीमा कार्यक्रमको पहुँच लक्षित वर्गसम्म विस्तार गरिनेछ।

३५. कोभिड-१९ लगायत भविष्यमा आउनसक्ने अन्य महामारीको रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। साथै प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रिफरेन्स ल्याबको रुपमा विकास गर्दै लगिनेछ।

३६. उच्चशिक्षा, प्राविधिक एवम् व्यावसायिक शिक्षालाई प्रवर्द्धन गरिनेछ। मनमोहन प्राविधिक विश्वविद्यालयको शैक्षिक कार्यक्रम विस्तार र सुदृढीकरण गरिनेछ। विद्यालय शिक्षालाई प्रविधियुक्त बनाउन र पूर्वाधार निर्माण सम्बन्धी कार्यमा स्थानीय तहसँग समन्वय एवम् सहकार्य गरिनेछ। साथै माध्यमिक शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई आयआर्जन गर्न आवश्यक सीपको विकास गरिनेछ।

३७. सामाजिक न्याय, समानता एवम् समावेशिता कायम गर्न मूलप्रवाहीकरण गर्दै विकासको लाभांशमा महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका अन्य सीमान्तकृत, अल्पसंख्यक तथा विपन्न वर्गको पहुँच अभिवृद्धि गरिनेछ।

३८. खेलकुद गतिविधि सञ्चालन र खेल पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ। प्रतिभावान खेलाडीहरूलाई सम्मान एवम् प्रोत्साहनको व्यवस्था गरिनेछ साथै युवाशक्तिलाई व्यवसायिक र प्रविधियुक्त बनाउँदै क्षमताको अधिकतम उपयोग गरिनेछ।

## पर्यटन क्षेत्रको प्रवर्द्धन

३९. राजनैतिक एवम् धार्मिक क्षेत्रका स्वदेशी तथा विदेशी विशिष्ट व्यक्तित्वहरूको भ्रमण गराई विश्वको ध्यान यस प्रदेश तर्फ आकर्षित गर्न पर्यटन प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। कोभिड-१९ महामारीबाट प्रभावित होटल लगायत पर्यटन क्षेत्र सम्वद्ध व्यवसायको पुनरुत्थान गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। धार्मिक, सांस्कृतिक, साहसिक, मनोरञ्जनात्मक पर्यटनको विकासमा निजी क्षेत्रसँग सहकार्य गरिनेछ। साथै प्रदेश भित्र रहेका भाषिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक तथा ऐतिहाँसिक स्थलहरूको खोज अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्द्धन गरिनेछ।

## सहकारी तथा गरिबी निवारण

४०. गरिबी निवारणका लागि सहकारीको माध्यमबाट पूँजी निर्माण गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउने र रोजगारी सिर्जनाका लागि सहजीकरण गरिनेछ। आम नागरिकलाई सहकारी सिद्धान्तको लाभ उपलब्ध गराउनको लागि प्रभावकारी अनुगमन, नियमन तथा क्षमता अभिवृद्धि गरिनेछ।

## वन, वातावरण संरक्षण र विपद् व्यवस्थापन

४१. वन क्षेत्रको दिगो विकास, उपयोग र वातावरण संरक्षण गरिनेछ। जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण गर्न वातावरणीय अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। जलाधार क्षेत्रको संरक्षण र प्रवर्द्धन गरिनेछ। साथै मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनिकरण एवम् व्यवस्थापनको लागि उपयुक्त प्रविधिको अवलम्बन गरिनेछ।

४२. विपद् व्यवस्थापनका लागि पूर्वतयारी मार्फत जोखिम क्षेत्रको पूर्व मापन, जोखिम न्यूनीकरण गर्ने र आकस्मिक रुपमा आइपर्ने विपद्का घटनाहरूमा तत्काल राहत र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## सार्वजनिक सेवाप्रवाह र सुशासन

४३. प्रदेशको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन समग्र सुरक्षा प्रणालीलाई सुदृढीकरण गरिनेछ। असल नागरिक निर्माणका लागि युवाहरूमा लागू पदार्थ दुर्व्यसन निराकरण, प्रकोप सचेतना, नैतिक शिक्षा, उद्यमशीलता प्रवर्द्धन गर्न किशोर किशोरीलाई उत्प्रेरित गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

४४. प्रदेश सभालाई प्रविधिमैत्री बनाइनेछ। प्रदेश कानूनको समयानुकूल परिमार्जन गर्नुका साथै आवश्यक कानून तर्जुमा गरिनेछ। स्थानीय तहसँगको समन्वयमा न्यायिक समितिको क्षमता अभिवृद्धि र कानून निर्माणमा सहयोग गरिनेछ।

४५. प्रदेशस्तरमा देखिएका वित्तीय क्षेत्रका समस्याहरू समाधानका लागि नियामक निकाय र बैंक तथा वित्तीय संस्थासँग समन्वय, सहकार्य एवम् सहजीकरण गरिनेछ। वित्तीय साक्षरता कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

४६. डिजिटल प्रदेशको अवधारणा कार्यान्वयनमा तीव्रता ल्याइनेछ। राष्ट्रसेवकको क्षमता अभिवृद्धि मार्फत सार्वजनिक सेवाप्रवाहलाई सरल, पारदर्शी, उत्तरदायी, जनमुखी र सेवाग्राहीमैत्री बनाई सुशासन प्रत्याभूति गरिनेछ।

४७. विद्युतीय प्रणालीको प्रयोग मार्फत यातायात क्षेत्रको सुधार गरी सेवालाई गुणस्तरीय र प्रभावकारी बनाइनेछ। आमसञ्चार माध्यमलाई विश्वसनीय, भरपर्दो र गुणस्तरीय बनाउन जोड दिइनेछ। सरकारको काम कारवाहीलाई पारदर्शी बनाउनुका साथै सार्वजनिक सूचनामा नागरिकको पहुँच अभिवृद्धि गरी सूचनाको हक प्रत्याभूत गरिनेछ।

**माननीय सभामुख महोदय,**

आगामी वर्षको बजेट मैले माथि प्रस्तुत गरेका सिद्धान्त र प्राथमिकताको आधारमा तर्जुमा गरिने व्यहोरा माननीय सदस्यहरूलाई आश्वस्त गराउन चाहन्छु। मैले यस सम्मानित सभामा पेश गरेको प्रदेश विनियोजन विधेयक, २०७९ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रदेश सरकारको दीर्घकालीन सोच र तत्कालको आवश्यकताबीच तालमेलको खाका हो। यसमा माननीय सदस्यहरूबाट रचनात्मक सुझाव प्राप्त हुनेमा म विश्वस्त छु। माननीय सदस्यहरूबाट प्राप्त हुने सुझावलाई आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तर्जुमा गर्दा मार्गदर्शनको रूपमा लिइने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

**धन्यवाद।**